# सार्वजनिक–निजी साझेदारी निर्देशिका

(स्थानीय निकायको लागि)

२०६१

श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर

# भूमिका

बढ्दो जनसङ्ख्याको आवश्यकताअनुसार विविध प्रकारका सेवाहरू प्रदान गर्नुपर्ने र सबैखाले सेवाहरू सरकारका तर्फबाट मात्र प्रदान गर्दा लगानी एवं व्यवस्थापकीय पक्षबाट बोझिलो ठहर्ने भएकोले सेवा प्रदान गर्ने अन्य विकल्पहरूको खोजी गर्नुपर्ने महसुस गरिएको छ । यसै सन्दर्भमा श्री ५ को सरकार एवं स्थानीय निकायले निजी क्षेत्र, गैरसरकारी संस्था, समुदाय र नागरिक समाजलाई सेवा प्रदान गर्ने सहयात्रीका रुपमा लिन सक्ने देखिन्छ । यस परिप्रेक्षमा सार्वजनिक-निजी साझेदारीमा छिटो, छरितो, गुणस्तरीय एवं मितव्ययी सेवा प्रदान गर्न श्री ५ को सरकारले सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायको लागि) २०६० लागू गरिसकेको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले दिगो विकासको लागि आधारित सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्न लिएको नीति र हालै जारी भएको उक्त नीति कार्यान्वयन गर्न निर्देशिका जारी गर्नुपर्ने भएको हुँदा यो सार्वजनिक-निजी साझेदारी निर्देशिका (स्थानीय निकायको लागि) २०६१ स्वीकृत गरी लागू गरिएको छ ।

प्रस्तुत निर्देशिका लागू भएपछि साझेदारीका प्रकार, क्षेत्र, आधार, प्राथमिकतालगायतका विषयहरू स्पष्ट हुने र यसका लागि आवश्यक प्रक्रिया सुनिश्चित भई स्थानीय निकाय र निजी क्षेत्र, समुदाय एवं नागरिक समाजका बीचमा साझेदारी कायम भई स्थानीय निकायबाट प्रदान गरिने सेवा प्रवाहमा बढी प्रभावकारिता आउने विश्वास लिएको छु ।

**बालकृष्ण प्रसाई**
(सचिव)

# विषय-सूची


**परिच्छेद - एक** **१**

**प्रारम्भिक** **१**

१. परिचय १

२. परिभाषा १

**परिच्छेद - दुई** **४**

**साझेदारीका क्षेत्र, आधार र प्राथमिकता** **४**

३. साझेदारीका क्षेत्रहरू ४

४. साझेदारीका आधारहरू ५

५. साझेदारी परियोजनाको प्राथमिकता ६

**परिच्छेद - तीन** **६**

**संस्थागत व्यवस्था** **६**

६. स्थानीय निकायको संस्थागत व्यवस्था ६

७. सार्वजनिक-निजी साझेदारी समिति ६

८. सार्वजनिक-निजी साझेदारी समन्वय एकाइ ८

**परिच्छेद - चार** **९**

**साझेदारी परियोजनाको पहिचान र विकासका चरणहरू** **९**

९. साझेदारी परियोजनाको पहिचान गर्ने निकायहरू ९

१०. साझेदारी विकासका चरणहरू ९

**परिच्छेद - पाँच** **१०**

**परियोजनाको विश्लेषण, दिगोपन र जोखिमहरू** **१०**

११. परियोजनाको तुलनात्मक विश्लेषण १०

१२. परियोजना दिगोपनका आधारहरू ११

१३. जोखिमको पहिचान, मूल्याङ्कन र व्यवस्थापन १२

**परिच्छेद - छ** १३
**साझेदारको छनौट, सहमति–पत्र र सम्झौता** १३
१४. साझेदारको छनौट प्रक्रिया १३
१५. साझेदारीको सम्झौता-पत्र १४

**परिच्छेद - सात** १६
**परियोजनाको अनुगमन, प्रतिवेदन, समीक्षा र नियमन** १६
१६. परियोजनाको अनुगमन १६
१७. परियोजनाको प्रतिवेदन १६
१८. परियोजनाको समीक्षा १७
१९. परियोजनाको नियमन १७

**परिच्छेद – आठ** १७
**विवाद समाधान,परियोजनाको मूल्याङ्कन तथा समायोजन** १७
२०. विवाद समाधानसम्बन्धी व्यवस्था १७
२१. परियोजनाको मूल्याङ्कन र समायोजन १८

**परिच्छेद - नौ** १८
**फरफारक** १८
२२. परियोजनाको फरफारक १८

**अनुसूची १** २०

परिच्छेद – एक

# प्रारम्भिक

## १. परिचय

नेपाल अधिराज्यको संविधान २०४७ द्वारा निर्देशित नीति तथा सिद्धान्त एवं स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले अवलम्बन गर्दै आएको विकेन्द्रीकरणको सिद्धान्तअनुरुप स्थानीय सेवालाई सुनिश्चित, गुणस्तरीय र दिगो बनाई वर्तमान सेवा पद्धतिलाई सुधार गर्न स्थानीयस्तरमा निजी क्षेत्रका साझेदारहरूलाई उपयुक्त ढङ्गले समावेश गराउदा स्थानीय निकायको क्षमतामा अभिवृद्धि भै आर्थिक विकास तथा गरिबी न्यूनीकरणमा समेत टेवा पुग्ने सम्भावना पर्याप्त भएकोले यसको माध्यमबाट स्थानीयस्तरमा सुसङ्गगठित रूपले सक्षम, दिगो, गुणस्तरीय तथा सर्वसुलभ आधारभूत पूर्वाधारको स्थापना तथा सेवा प्रदान गर्नमा टेवा पुऱ्याउन सकिने कुरामा श्री ५ को सरकारले विश्वास राखेको छ ।

दशौं योजनामा गैरसरकारी संस्था, नागरिक समाज तथा निजी क्षेत्रसँगको सहकार्य र सहभागिताको आधारमा प्रभावकारी रुपमा स्थानीय निकायहरूको योजना कार्यान्वयन गर्ने नीतिलाई दृष्टिगत गरी श्री ५ को सरकाले हालै सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायको लागि), २०६० जारी गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ तथा स्थानीय निकायको लागि श्री ५ को सरकारबाट स्वीकृत “सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायको लागि) २०६०” को दफा ११ को प्रयोजनको लागि र हालै जारी भएको उक्त नीतिलाई कार्यान्वय गर्न निर्देशिका जारी गर्न आवश्यक देखिएकोले यो “सार्वजनिक-निजी साझेदारी निर्देशिका (स्थानीय निकायको लागि) २०६१” तर्जुमा गरी लागू गरिएको छ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “ऐन” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनु पर्दछ ।

(ख) “नियमावली” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ लाई सम्झनु पर्दछ ।

(ग) “साझेदारी” भन्नाले स्थानीय निकाय र निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, सङ्गठन, उपभोक्ता समूह, समुदायमा आधारित संस्था वा समूह वा व्यक्तिहरू तथा

यस्तै प्रकृतिका संस्था, निजी क्षेत्र, नागरिक समाज र स्थानीय निकायसँग स्थानीय सेवा प्रदान गर्ने र त्यसको जोखिम संयुक्त रुपले वहन गर्नेगरी भएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ। साथै यस शब्दले "सार्वजनिक-निजी साझेदारी" लाई समेत जनाउनेछ।

(घ) "निजी क्षेत्र" भन्नाले श्री ५ को सरकार र स्थानीय निकाय बाहेक अन्य क्षेत्रलाई सम्झनु पर्दछ।

(ङ) "निजी साझेदार" भन्नाले यस निर्देशिका बमोजिम स्थानीय निकायसँग साझेदारी गर्ने वा गर्न चाहने प्रचलित करारसम्बन्धी कानून बमोजिम करार गर्न योग्य कम्पनीहरू, फर्महरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संघ संस्थाहरू, विभिन्न प्रकृतिका समूह तथा समुदायहरू, प्रचलित कानून वमोजिम कानूनी व्यक्तिको हैसियत प्राप्त औपचारिक एवम अनौपचारिक निकाय तथा प्राकृतिक व्यक्तिलाई सम्झनु पर्दछ।

(च) "सार्वजनिक साझेदार" भन्नाले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति वा ती निकायहरूको समूहसमेतलाई सम्झनु पर्दछ।

(छ) "सार्वजनिक सम्पत्ति" भन्नाले प्रचलित कानून बमोजिम स्थानीय निकायको स्वामित्वमा रहेको वा स्थानीय निकायले रेखदेख, संरक्षण, मर्मत सँभार, जीर्णोद्धार र सदुपयोग गर्नुपर्ने वा पाउने जमिन, वन, खोला, खानी तथा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थललगायतका सार्वजनिक सम्पत्तिहरू सम्झनु पर्दछ।

(ज) "साझेदारीको स्वरुप" भन्नाले सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायको लागि) २०६० को दफा ५ मा उल्लिखित साझेदारीको स्वरुपलाई जनाउनेछ।

(झ) "सेवा करार" भन्नाले स्थानीय निकायले प्रदान गर्नु पर्ने सेवाहरूमध्ये निजी साझेदारलाई निश्चित सेवा शुल्क प्रदान गरी सेवा प्रदान गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(ञ) "व्यवस्थापन करार" भन्नाले निजी क्षेत्रलाई निश्चित व्यवस्थापन शुल्क प्रदान गरी स्थानीय निकायको सङ्गठन वा कुनै सुविधा प्रदान गर्ने कार्यको व्यवस्थापन निजी क्षेत्रमार्फत गराउने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(ट) "निर्माण तथा हस्तान्तरण" भन्नाले कुनै पूर्वाधार संरचनाको सञ्चालन स्थानीय निकायले नै बढी प्रभावकारी रुपमा गर्न सक्ने वा गर्नु पर्ने अवस्थामा त्यस्तो पूर्वाधार संरचनाको निर्माण निजी क्षेत्रको पूरा वा आंशिक लगानीमा सम्पन्न गरी त्यसको सञ्चालनको आवश्यक ज्ञान सहित स्थानीय निकायलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ। यस व्यवस्थाअन्तर्गत

निजी साझेदारले गरेको लगानी स्थानीय निकायबाट एकमुष्ट वा किस्तामा प्राप्त गर्न सक्नेछ ।

(ठ) "निर्माण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै एक पूर्वाधार संरचनाको सम्पूर्ण वा अधिकतम लगानीमा निजी साझेदारले निर्माण गरी निश्चित अवधिमा उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि स्थानीय निकायलाई उक्त पूर्वाधार संरचना र त्यसमा प्रयोग भएका सम्पूर्ण सम्पत्तिहरू चालु हालतमा सामान्यतः विना मुआवजा स्थानीय निकायलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउनेछ ।

(ड) "निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण प्रणालीको स्थापनाको लागि आवश्यक पर्ने सम्पूर्ण लगानी निजी साझेदारबाट हुने र एक निश्चित अवधिसम्म त्यसको स्वामित्व समेत आफैमा राखी निर्माण र सञ्चालन गरी उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि त्यसमा प्रयोग भएका सम्पूर्ण संरचना र सम्पत्तिहरूको स्वामित्व सहित चालु हालतमा सामान्यतः विना मुआवजा स्थानीय निकायलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउनेछ ।

(ढ) "निर्माण, हस्तान्तरण र सञ्चालन" भन्नाले कुनै पूर्वाधार संरचनाको विकासको लागि आवश्यक पर्ने अधिकांश वा आंशिक लगानी निजी क्षेत्रबाट हुने गरी त्यसको निर्माण सम्पन्न भए पश्चात् उक्त संरचनाको रेखदेखको मुख्य जिम्मेवारी स्थानीय निकायले तत्काल लिई निजी साझेदारले उचित मुनाफासहित आफ्नो लगानी फिर्ता लिन एक निश्चित अवधिसम्म त्यसको सञ्चालनको जिम्मेवारी निजी साझेदारले लिने गरी गरिएको करारीय व्यवस्थालाई जनाउनेछ । स्थानीय निकायको स्वामित्वमा रहेको सम्पत्ति वा जग्गामा निर्माण भएको वा अन्य कुनै कारणले स्थानीय निकायले तत्कालै त्यस प्रकारको दायित्व लिनु पर्ने भएमा स्थानीय निकायले यस प्रकारको व्यवस्था गर्न सक्नेछ ।

(ण) "विकास, सञ्चालन तथा हस्तान्तरण" भन्नाले भैरहेको कुनै सम्पत्ति वा पूर्वाधार संरचनामा कुनै सुविधा थप गर्न वा आवश्यक मर्मत सुधार गरी तत्कालको क्षमतामा विस्तार गर्न वा बढी उपयोगी हुने गरी विकास गरी सञ्चालन गर्ने र उचित मुनाफासहितको आफ्नो लगानी फिर्ताभएपछि विकास गरिएको संरचना वा सम्पति सामान्यतः विना मुआवजा स्थानीय निकायलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउनेछ ।

(त) "पट्टा (लिज), निर्माण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै सार्वजनिक सम्पत्ति लामो अवधिको लागि निजी क्षेत्रले स्थानीय निकायसँग भाडामा लिई सो

सम्पत्तिमा तोकिएको पूर्वाधार संरचनाको निजी क्षेत्रले आफ्नै लगानीमा निर्माण गरी सञ्चालन गर्ने र उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भएपछि स्थानीय निकायलाई उक्त संरचना र त्यसमा प्रयोग भएका सम्पत्तिहरू चालु हालतमा  सामान्यतः विना मुआवजा स्थानीय निकायलाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई जनाउनेछ ।

परिच्छेद – दुई

# साझेदारीका क्षेत्र, आधार र प्राथमिकता

## ३. साझेदारीका क्षेत्रहरू

स्थानीय निकायले प्रचलित कानून बमोजिम निम्न पूर्वाधार तथा अन्य सेवाहरूमा साझेदारी गर्न सक्नेछः-

(क) फोहरमैला सङ्कलन, त्यस्को व्यवस्थापन तथा अन्य सदुपयोग,

(ख) पिउने पानीको पूर्वाधारको विकास, पानीको आपूर्ति तथा वितरण,

(ग) सिंचाई,

(घ) सडक, पुल, वस्ती विकासलगायत स्थानीय तहका अन्य पूर्वाधार निर्माण, व्यवस्थापन तथा मर्मत सँभार,

(ङ) स्वास्थ्य सेवा, विद्यालय, सामुदायिक भवन, सभागृह, पुस्तकालय, खेलकुद सुविधाहरूको स्थापना, व्यवस्था तथा निरन्तरता,

(च). बजार पूर्वाधारको निर्माण, व्यवस्थापन र सञ्चालन, सार्वजनिक शौचालय, ढल निकाश, स्नानगृह, पार्किङ्ग सुविधा, बधशाला, शवदाह स्थान इत्यादिको व्यवस्था, सञ्चालन तथा निरन्तरता,

(छ) विद्युत् उत्पादन, व्यवस्थापन तथा वितरण र उत्पादित विद्युतको थोक खरीद तथा वितरण,

(ज) दमकल, एम्बुलेन्सलगायत सार्वजनिक सुविधाहरूको व्यवस्था, सञ्चालन तथा निरन्तरता,

(झ) पर्यटकीय क्षेत्रहरूको निर्माण, व्यवस्थापन, सञ्चालन तथा निरन्तरता,

(ञ) पुरातात्विक, धार्मिक एवं ऐतिहासिक महत्वको क्षेत्रहरूको संरक्षण, सम्वर्धन, विकास र व्यवस्थापन,

(ट) भैरहेका वा पछि स्थापना हुने पूर्वाधारहरू तथा अन्य सेवाहरूका सम्वन्धमा सेवा शुल्क, दस्तुर तथा कर उठाउने कार्यको व्यवस्थापन,

(ठ) औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरूको निर्माण, व्यवस्थापन, सञ्चालन तथा निरन्तरता,

(ङ) स्थानीय रूपमा रोजगारीको सिर्जना हुने र न्यून आय भएका वर्गहरूलाई फाइदा पुग्ने कृषि तथा पशुजन्य उत्पादनहरू, जडिबुटी सङ्कलन, प्रशोधन तथा बिक्री जस्ता कार्यहरूलाई प्रोत्साहन, प्रवर्द्धन तथा सेवा उपलब्ध गराउन आवश्यक पर्ने पूर्वाधारहरूको निर्माण, सञ्चालन र व्यवस्थापन र

(ढ) राष्ट्रिय नीति, स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले स्थानीय निकायलाई तोकेको कार्य र जिम्मेवारी, प्रचलित कानूनले तोकेका प्राथमिकता, स्थानीय पहुँच र आवश्यकता र औचित्यअनुसारका साझेदारहरूले स्वीकार गरेका अन्य पूर्वाधार तथा सेवा सुविधाहरू ।

## ४. साझेदारीका आधारहरू

सार्वजनिक-निजी साझेदारीका लागि निम्न सामान्य आधारहरू रहनेछन्:-

(क) स्थानीय निकायले प्रदान गर्नुपर्ने सेवा साझेदारीमार्फत उपलब्ध गराउदा उपभोक्ताले सुलभ रुपमा सेवाहरू प्राप्त गर्ने अवस्थाको सुनिश्चिचता र निजी साझेदारले उचित मुनाफा प्राप्त गर्न सक्ने अवस्था,

(ख) साझेदारीको सम्पूर्ण पक्ष सवै साझेदारहरूले स्पष्ट रुपमा बुझ्न सक्ने गरी सेवाको प्रकृति, स्थान, समय, सम्बन्धित पक्षहरूको काम, कर्तव्य तथा अधिकार, अनुगमन, नियमन, समायोजन, भुक्तानी आदि व्यवस्थाहरूको लिखित रूपमा किटानी व्यवस्था,

(ग) पूर्वनिर्धारित मापदण्डअनुसारको स्तरीय सेवा प्राप्त भए-नभएको सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय निकायले लिने र सेवा प्रदान गर्ने उपयुक्त तरिका निर्धारण गर्ने जिम्मेवारी निजी साझेदारले लिने व्यवस्था,

(घ) साझेदारहरूबीच जोखिमको बाँडफाँड गर्दा जोखिम उठाउन बढी योग्य र सक्षम पक्षहरूलाई आधार मान्ने अवस्था र यसरी जोखिम उठाउने साझेदारलाई जोखिमको मात्राको आधारमा प्रतिफल प्राप्त गर्ने अवसर प्राप्त हुने अवस्था,

(ङ) स्थानीय निकायले लामो अवधिको साझेदारी गर्दा दीर्घकालीन आर्थिक दायित्व वहन गर्नु पर्ने अवस्था पर्नसक्ने हुँदा सो सम्बन्धमा स्थानीय निकायले आफ्नो वित्तीय अवस्थालाई ध्यानमा राखी त्यस्ता साझेदारी गर्ने अवस्था,

(च) साझेदारको छनौट र सम्झौता गर्दा त्यसबाट प्रभावित हुने ग्राहक तथा समुदायलाई यथासम्भव समावेश गरी सहभागितामूलक, पारदर्शी तथा प्रतिष्पर्धात्मक प्रक्रिया अपनाउने व्यवस्थाको सुनिश्चितता र

(छ) साझेदारीमा सेवा प्रवाह गर्दा/गराउदा सेवाग्राहीको सुनुवाइको व्यवस्था ।

### ५. साझेदारी परियोजनाको प्राथमिकता

**(१) साझेदारी परियोजनाहरूको छनौट गर्दा निम्न कुराहरूलाई प्राथमिकता दिनु पर्नेछ ।**

(क) स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने,

(ख) पिछडिएका वर्ग, आदिवासी, दलित तथा महिलालाई प्रत्यक्ष लाभ पुऱ्याउने,

(ग) स्थानीय साधन, स्रोत तथा सीपबाट सञ्चालन हुन सक्ने,

(घ) आधारभूत र अत्यावश्यक सेवा प्रदान गर्ने,

(ङ) वातावरण संरक्षण तथा सम्बर्द्धनमा सघाउ पुऱ्याउने,

(च) निजी क्षेत्रको लगानी बढी हुने र

(छ) गरीबहरूलाई बढी सेवा प्रदान हुने तथा उनीहरूको सहभागितामा सञ्चालन हुने ।

**(२) उपदफा (१) मा उल्लेख गरिएका प्राथमिकताहरूका अतिरिक्त स्थानीय निकायले आफ्नो आवश्यकताअनुसारका प्राथमिकताहरू निर्धारण गर्न सक्नेछ ।**

परिच्छेद – तीन

# संस्थागत व्यवस्था

### ६. स्थानीय निकायको संस्थागत व्यवस्था

(१) सहज र सरल तरिकाले साझेदारीसम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरू एकैद्वारमार्फत सम्पादन गर्न स्थानीय निकाले आफ्नो सङ्गठनात्मक संरचनाभित्र एक सार्वजनिक-निजी साझेदारी एकाइको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको एकाइको कार्य सम्पादन गर्ने जनशक्ति र स्थानीय निकायको संस्थागत क्षमताको विकासमा स्थानीय निकायले ध्यान दिनु पर्नेछ ।

(३) उपदफा (१) अनुसारको एकाइ र सो एकाइमा काम गर्ने जनशक्तिको काम, कर्तव्य, अधिकार र कार्यविधि स्थानीय निकायले तोकिदिनु पर्दछ ।

### ७. सार्वजनिक-निजी साझेदारी समिति

(१) स्थानीय निकाय तथा निजी क्षेत्रबीचको आपसी सहयोग अभिवृद्धि गर्न, समझदारी बढाउनमा सहयोग गर्न तथा सहकार्यको लागि सकारात्मक वातावरण तयार गर्न प्रत्येक स्थानीय निकायले आफ्नो क्षेत्रमा एक सार्वजनिक-निजी साझेदारी समितिको स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने समितिमा देहायका पदाधिकारीहरू र हनेछन्:

| | |
|---|---|
| (क) स्थानीय निकायको प्रमुख | अध्यक्ष |
| (ख) स्थानीय उद्योग वाणिज्य संघका अध्यक्ष | सदस्य |
| (ग) स्थानीय निकायले तोकेको एक जना | सदस्य |
| (घ) स्थानीय उद्योग वाणिज्य संघले तोकेको एक जना | सदस्य |
| (ङ) स्थानीय सामाजिक संस्थाको एक जना प्रतिनिधि | सदस्य |

(३) उपदफा (२) को खण्ड (ङ) मा उल्लिखित स्थानीय सामाजिक संस्थाको सदस्य मनोनयन गर्ने प्रक्रिया स्थानीय निकायले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम स्थापना हुने समितिले आवश्यकताअनुसार विषयगत विषेशज्ञ, व्यवसायी वा त्यस्तो व्यवसायिक सङ्गठन भए सोको प्रतिनिधि तथा सम्बन्धित विषयको सरोकारवालाहरू र साझेदारीमा एकभन्दा बढी स्थानीय निकाय संलग्न भएको अवस्थामा त्यस्ता स्थानीय निकायका प्रमुखलाई समेत समितिको वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम स्थापना हुने समितिको उद्देश्य तथा कार्यहरू निम्नानुसार हुनेछन् :-

(क) स्थानीय निकाय, निजी क्षेत्र तथा नागरिक समाजलाई सार्वजनिक-निजी साझेदारीका क्षेत्रहरू पहिल्याउन साझा मञ्च प्रदान गर्ने,

(ख) सरकारी योजना तथा रणनीतिहरूमा र स्थानीय निकायको विकास योजनाहरूमा तलदेखि माथिसम्म सार्वजनिक-निजी साझेदारीका अवसरहरूको पहिचान गर्ने,

(ग) सार्वजनिक-निजी साझेदारीका सम्बन्धमा व्यापक परामर्श दिन तथा सहभागिता जुटाउनको लागि संयन्त्र तयार गर्ने,

(घ) विशिष्ट सार्वजनिक-निजी साझेदारीहरूको सञ्चालन तथा कार्यान्वयनका लागि सहयोग प्रदान गर्ने,

(ङ) समय-समयमा स्थानीय निकायलाई आफ्नो क्षेत्रमा सार्वजनिक-निजी साझेदारीको विकासको लागि मार्गदर्शन तथा सल्लाह उपलब्ध गराउने तथा साझेदारीसम्बन्धी स्थानीय नीति तथा उपयुक्त विनियम तर्जुमा गर्न सहयोग गर्ने र

(च) स्थानीय क्षेत्रको विकासमा साझेदारीको प्रवर्द्धन गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

## ८. सार्वजनिक-निजी साझेदारी समन्वय एकाइ

(१) स्थानीय निकायको तहमा सार्वजनिक-निजी साझेदारीलाई प्रवर्द्धन गर्न स्थानीय निकाय तथा उद्योग वाणिज्य क्षेत्रको प्रतिनिधित्व गर्ने राष्ट्रियस्तरका संघ महासंघलगायत सम्बन्धित अन्य मन्त्रालय, विभाग तथा कार्यालयहरूसँग निकट सहयोग कायम गरी परिणाममुखी सहकार्य गर्न एक सार्वजनिक-निजी साझेदारी समन्वय एकाइको स्थापना गरिनेछ र नगरपालिकाले श्री ५ को सरकारका अन्य निकायसँग सम्पर्क गर्दा वा स्थानीय स्तरमा सार्वजनिक-निजी साझेदारीका कार्य सम्पादन गर्ने/गराउने कार्यमा केन्द्रीय सहयोग एवं सहजीकरणको लागि स्थानीय विकास मन्त्रालयमा सम्पर्क गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने एकाइको जिम्मेवारीहरू सामान्यतः निम्न अनुसार हुनेछन् :

(क) साझेदारीको स्थापना गर्नको लागि स्थानीय निकायको मागअनुरुप सल्लाह, निर्देशन तथा सहयोग उपलब्ध गराउने,

(ख) सार्वजनिक-निजी साझेदारीको लागि यस सम्बन्धी मार्गदर्शन (टूलकिट) निर्माण तथा सुधार गरी चेतना तथा क्षमता अभिवृद्धि गराउने,

(ग) सार्वजनिक-निजी साझेदारीको सम्बन्धमा स्थानीय निकायहरू तथा अन्य सरोकारवालाहरूलाई तालिमको व्यवस्था गर्ने,

(घ) नेपालमा स्थानीय सार्वजनिक-निजी साझेदारीसम्बन्धी अनुभव तथा सर्वोत्तम नमुनाहरूको सङ्कलन गरी सार्वजनिक-निजी साझेदारीको संरचनाका उदाहरणहरू समेत समावेश गरी अभिलेख (पुस्तक) तयार गर्ने,

(ङ) सार्वजनिक-निजी साझेदारीसम्बन्धी सम्झौताहरूको नमुना तयार गरी स्थानीय निकाय तथा अन्य स्थानीय सरोकारवालाहरूलाई उपलब्ध गराउने,

(च) सार्वजनिक-निजी साझेदारीको अभिलेख राख्ने तथा नीति, नियम वा व्यवहारको लागि महत्वपूर्ण हुन सक्ने अभ्यास तथा समस्याहरूको पहिचान गर्ने र सार्वजनिक-निजी साझेदारीको समग्र प्रगति समीक्षा गर्दै समय समयमा प्रतिवेदनहरू सार्वजनिक गर्ने,

(छ) सार्वजनिक-निजी साझेदारीलाई एक वा बढी मन्त्रालयबाट सहयोग आवश्यक भएको अवस्थामा स्थानीय निकायहरूको माग अनुरुप सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गरी आवश्यक सहयोग उपलब्ध गराइदिने र

(ज) सार्वजनिक-निजी साझेदारीका लागि नीतिगत तथा कानूनी पक्ष र कार्यसम्पादनको अनुगमन गर्ने नीतिगत तथा कानूनी सुझाव उपलब्ध गराउनुको साथै श्री ५ को सरकारबाट उपलब्ध गराउने सहयोगको समन्वय गर्ने/गराउने ।

परिच्छेद - चार

# साझेदारी परियोजनाको पहिचान र विकासका चरणहरू

## ९. साझेदारी परियोजनाको पहिचान गर्ने निकायहरू

(१) सार्वजनिक-निजी साझेदारीको अवसर जुनसुकै निकाय वा व्यक्तिले पहिल्याउन सक्नेछ ।

(२) साझेदारीको अवसर पहिचानमा निम्न निकाय वा व्यक्तिको विशेष भूमिका रहनेछः-

(क) स्थानीय निकाय,

(ख) स्थानीय उद्योग वाणिज्य संघ,

(ग) प्रचलित कानून वमोजिम स्थापित कम्पनी तथा फर्महरू,

(घ) सहकारी तथा समुदायमा आधारित अन्य संस्थाहरू,

(ङ) गैरसरकारी तथा अन्य स्थानीय संस्थाहरू,

(च) वस्तुगत तथा पेशागत संघ संस्थाहरू र

(छ) अन्य व्यक्तिहरू ।

## १०. साझेदारी विकासका चरणहरू

(१) सार्वजनिक-निजी साझेदारी विकासका लागि सामान्यतः निम्न चरणवद्ध प्रक्रियाहरू अवलम्बन गरिनेछः-

(क) साझेदारीको अवसरको पहिचान,

(ख) साझेदारीको विस्तृत विवरण तयार,

(ग) साझेदारीको कार्यान्वयन र

(घ) साझेदारीको सञ्चालन, अनुगमन, नियमन तथा समायोजन ।

(२) उपदफा (१) को खण्ड (क) अन्तर्गत निम्न प्रक्रियाहरू अवलम्बन गरिने छः-

(क) स्थानीय निकायले प्रदान गर्नु पर्ने सेवाहरूको बारेमा जानकारी लिने र कस्तो कुरामा सार्वजनिक-निजी साझेदारी गर्ने भनी निर्णय गर्ने,

(ख) अवसर पहिचानमा समुदायलाई सहभागी गराउने,

(ग) अवसर पहिचानमा कम्पनी तथा फर्महरू, सङ्गठनहरू, समुदाय तथा व्यक्तिहरूलाई प्रेरित गर्ने र सो सम्बन्धमा उनीहरूको जिज्ञासाको उचित जवाफ दिने र

(घ) पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने/गराउने ।

(३) उपदफा (१) को खण्ड (ख) अन्तर्गत निम्न प्रक्रियाहरू अवलम्बन गरिनेछः-

(क) साझेदारीका लागि पहिचान गरिएका क्षेत्रहरूको अझ विस्तारमा परीक्षण गर्ने,

(ख) प्रस्तावित सार्वजनिक-निजी साझेदारीको विस्तृत ढाँचा तयार गर्ने,

(ग) सार्वजनिक-निजी साझेदारीको संरक्षण गर्ने उपायहरू खोज्ने,

(घ) पुनरावलोकन तथा समायोजन गर्ने प्रक्रियाहरूको खाका तयार गर्ने,

(ङ) प्रस्तावित साझेदारीको सम्झौताको आधारभूत रुपरेखा तयार पार्ने र

(च) सम्भाव्यता अध्ययन प्रतिवेदन तयार पार्ने ।

(४) उपदफा (१) को खण्ड (ग) अन्तर्गत निम्न प्रक्रियाहरू अवलम्बन गरिनेछः-

(क) सरोकारवालाहरूलाई सूचित गरी र सम्भावित साझेदारहरूलाई साझेदारीका लागि आव्हान गर्ने,

(ख) सम्भावित साझेदार पहिचान गर्ने,

(ग) प्रतिष्पर्धात्मक बोल कबोल गराउने वा सहमति कायम गर्ने,

(घ) साझेदारको छनौट गर्ने र

(ङ) साझेदारीको सम्झौता गर्ने ।

(५) उपदफा (१) को खण्ड (घ) अन्तर्गत निम्न प्रक्रियाहरू अवलम्बन गरिनेछः-

(क) सार्वजनिक-निजी साझेदारी सञ्चालन गर्ने,

(ख) अनुगमन संयन्त्रको स्थापना गर्ने,

(ग) कार्यसम्पादनको अनुगमन तथा नियमन गर्ने,

(घ) दिगोपन तथा प्रभावकारितामा वृद्धि गर्न आवश्यक देखिए साझेदारी सम्झौतामा आवश्यक हेरफेर गर्ने र

(ङ) उपलब्धि र अनुभवहरूको समीक्षा गरी प्राप्त अनुभवहरूको आदान-प्रदान र सार्वजनिक गर्ने ।

### परिच्छेद - पाँच

# परियोजनाको विश्लेषण, दिगोपन र जोखिमहरू

## ११. परियोजनाको तुलनात्मक विश्लेषण

(१) विद्यमान सेवा वा सेवा प्रदान गरिरहेको संरचना वा एकाइको सञ्चालन वा व्यवस्थापन साझेदारीमार्फत गराउनु पर्दा निम्न आधारमा हालको अवस्था र

साझेदारीमार्फत गराउदा प्राप्त हुनसक्ने अवस्थाबीचको तुलनात्मक विश्लेषण गर्नु पर्नेछः

(क) सेवाग्राहीहरूको सङ्ख्यामा हुने वृद्धि,

(ख) सेवाले समेट्ने वडा वा क्षेत्र,

(ग) सेवाको मात्रा वा तहमा हुने वृद्धि,

(घ) स्थानीय निकायले व्यहोर्नु पर्ने आर्थिक भार,

(ङ) स्थानीय निकायले व्यहोर्नु पर्ने प्राविधिक एवं प्रशासनिक भार,

(च) स्थानीय निकायले व्यहोर्नु पर्ने जोखिमहरू,

(छ) सेवाको गुणस्तरमा हुने वृद्धि,

(ज) परियोजना विशेषका अन्य पक्षहरू र

(झ) स्थानीय निकायले तोकेका अन्य मापदण्डहरू ।

(२) उपदफा (१) बमोजिमको विश्लेषणबाट सकारात्मक नतिजा प्राप्त भएमात्र सम्बन्धित सेवा वा सेवा प्रदान गरिरहेको संरचना वा एकाइको सञ्चालन वा व्यवस्थापन साझेदारीमार्फत गराउन सकिनेछ ।

## १२. परियोजनाको दिगोपन आधारहरू

(१) सार्वजनिक-निजी साझेदारी परियोजना सञ्चालन गर्दा परियोजनाको दिगोपनमाथि विशेष ध्यान दिनु पर्नेछ ।

(२) साझेदारी परियोजनाको दिगोपनका लागि सामान्यतः निम्न पक्षहरूबीचको त्रिकोणात्मक सन्तुलनमा ध्यान दिनु पर्नेछः-

(क) प्राप्त हुने सेवाको स्तर,

(ख) पूर्वाधारको स्तर र

(ग) प्राप्त हुने आम्दानीको स्तर ।

(३) उपदफा (२) को खण्ड (क) मा उल्लिखित सार्वजनिक-निजी साझेदारी परियोजनाबाट प्राप्त हुने सेवाको स्तर छनौट गर्दा उक्त सेवाको गुणस्तर, परिमाण, सञ्चालन र वातावरण जस्ता पक्षहरूमाथि विचार पुऱ्याउनु पर्नेछ ।

(४) उपदफा (२) को खण्ड (क) मा उल्लिखित सेवाको स्तर छनौट गर्दा निम्न पक्षहरूलाई आधार मान्नु पर्नेछः-

(क) पूर्वाधार संरचनाको विकास र सञ्चालन गर्न पुग्नेगरी आम्दानी दिने,

(ख) विकास गर्ने वा गरिएको पूर्वाधारबाट प्राप्त हुनसक्ने,

(ग) उपभोक्ताले व्यहोर्न सक्ने र

(घ) ऋृण, सहुलियत वा अनुदान आवश्यक भए त्यस्तो सहयोग प्राप्त हुन सक्ने ।

(५) उपदफा (२) को खण्ड (ख) मा उल्लिखित पूर्वाधारको स्तर छनौट गर्दा त्यसको लगानी, स्थिर सम्पत्ति, चल सम्पत्ति, मर्मत सँभार र पूर्वाधारको आयु जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ ।

(६) उपदफा (२) को खण्ड (ख) मा उल्लिखित पूर्वाधारको स्तर छनौट गर्दा निम्न पक्षहरूलाई आधार मान्नु पर्नेछः-

(क) छनौट गरिएको सेवा स्तर प्रदान गर्ने,

(ख) आवश्यक मात्रामा आम्दानी दिने,

(ग) लगानीले धान्न सक्ने र

(घ) ऋृण, सहुलियत वा अनुदान प्राप्त हुन सक्ने ।

(७) उपदफा (२) को खण्ड (ग) मा उल्लिखित आम्दानीस्तर छनौट गर्दा परियोजनाबाट प्राप्त हुने महशुल, दस्तुर, शुल्क, छुट, अनुदान, ऋृण, लगानी फिर्ता हुने अवधि र जोखिम जस्ता पक्षहरूमा ध्यान दिनु पर्नेछ ।

(८) उपदफा (२) को खण्ड (ग) मा उल्लिखित आम्दानीस्तर छनौट गर्दा निम्न पक्षहरूलाई आधार मान्नु पर्नेछः-

(क) पूर्वाधारमा हुने वा भएको लगानी र सञ्चालन खर्च धान्न पुग्ने,

(ख) छनौट गरिएको सेवास्तर प्रदान गर्न पुग्ने,

(ग) उपभोक्ताले व्यहोर्न सक्ने र

(घ) साझेदारलाई उचित मुनाफा हुने ।

## १३. जोखिमको पहिचान, मूल्याङ्कन र व्यवस्थापन

(१) साझेदारी परियोजनाका सम्भाव्य जोखिमहरूको पहिचान र मूल्याङ्कन गरी तिनको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) साझेदारी परियोजनाको सम्भाव्य जोखिमको पहिचान र मूल्याङ्कन गर्दा सामान्यतः निम्न जोखिमहरूमा ध्यान दिनु पर्नेछः-

(क) कार्यान्वयन जोखिम,

(ख) निर्माण जोखिम,

(ग) सञ्चालन जोखिम,

(घ) राजश्व जोखिम,

(ङ) वित्तीय जोखिम,

(च) भवितव्य जोखिम,

(छ) वातावरणीय जोखिम,

(ज) द्वन्द्वका कारण सिर्जित जोखिमहरू र

(झ) यस्तै अन्य प्रकारका जोखिमहरू ।

(३) उपदफा (२) मा उल्लिखित जोखिमहरूका अतिरिक्त स्थान, परियोजना र अवस्थाअनुसारका स्थानीय जोखिमहरूको समेत पहिचान, मूल्याङ्कन र व्यवस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा उल्लिखित जोखिमहरूको व्यवस्थापनका लागि निम्न प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) सम्भाव्य जोखिमहरूको पहिचान गरी तिनको सूची तयार गर्ने,

(ख) पहिचान गरिएका सम्पूर्ण जोखिमहरूको विभिन्न प्रभाव, मात्रा र गहिराइजस्ता पक्षहरूको मूल्याङ्कन गर्ने,

(ग) जोखिम घटाउने वा निर्मूल गर्ने उपायहरूको खोजी गर्ने,

(घ) जोखिमलाई प्रभाव पारी तिनलाई हटाउन वा कम गर्नसक्ने वा वहन गर्न सक्ने क्षमताका आधारमा जोखिमको बाँडफाँड गर्ने र

(ङ) बाँकी जोखिमहरू साझेदारहरूबीच आपसमा बाँडफाँड गर्ने ।

**परिच्छेद – छ**

# साझेदारको छनौट, सहमति-पत्र र सम्झौता

## १४. साझेदारको छनौट प्रक्रिया

(१) साझेदारको छनौटका लागि प्रिक्वालिफिकेशन गर्न स्थानीय निकायले सम्भावित साझेदारहरूबाट मनसाय पत्रको माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसाय पत्रको माग गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम ५८ बमोजिम ३० दिनदेखि ९० दिनसम्मको म्याद दिई सम्भावित साझेदारहरूबाट मनसाय पत्रको माग गर्नु पर्नेछ । यसरी मनसाय पत्रको आव्हान गर्दा अनुसूची १ बमोजिमको सूचना प्रचलित कानून बमोजिम सार्वजनिक स्थलका अतिरिक्त राष्ट्रिय वा स्थानीय पत्र-पत्रिकामा समेत प्रकाशित गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त मनसाय पत्रहरूको मूल्याङ्कन स्थानीय निकाय ( आर्थिक प्रशासन) नियमावली २०५६ को नियम ५८ मा उल्लेखित पूर्व-योग्यताको मापदण्डका आधारमा गरी सम्भावित साझेदारहरूको सूची प्रकाशित गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचीमा परेका सम्भावित साझेदारहरूबाट साझेदारीको लागि प्रस्ताव माग गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम ५८ बमोजिम १५ देखि ३० दिनसम्मको म्याद दिई आव्हान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रस्तावहरूमध्येबाट उपयुक्त प्रस्ताव प्रतिस्पर्धात्मक रुपले छनौट गर्नु पर्नेछ ।

(६) उपदफा (२) वा (४) बमोजिमको समयावधि दिई मनसाय पत्र वा प्रस्ताव आव्हान गर्दा १ भन्दा बढी प्रस्ताव प्राप्त हुन नआए त्यसको व्यहोरा खुलाई स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम ६५ (ञ) बमोजिम पुनः म्याद दिई अर्को सूचना दिनु पर्नेछ । उक्त म्यादभित्र पनि थप प्रस्ताव पर्न नआएमा प्राप्त प्रस्तावलाई नै मान्यता दिई आपसी वार्ताद्वारा साझेदारी गर्न सकिनेछ ।

(७) साझेदारसँग सम्झौता गर्नुपूर्व स्थानीय निकायले आवश्यक ठानेमा छनौट भएको साझेदारसँग साझेदारीको सहमति-पत्र (मेमोरेण्डम अफ अण्डरस्ट्याण्डिङ्ग) मा हस्ताक्षर गरी सम्झौता गर्नुपूर्वका कार्यहरू गर्नु पर्नेछ ।

(८) छनौट भएको प्रस्तावकसँग स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ६८ बमोजिमको प्रक्रिया पूरा गरी स्थानीय निकायले साझेदारीको सम्झौता-पत्रमा हस्ताक्षर गरी लागू गर्नु पर्नेछ ।
तर ५ वर्ष वा सोभन्दा बढी अवधिको लागि वित्तीय दायित्व सिर्जना हुने र नगरपालिकाको अचल सम्पत्ति परिचालन एवं उपयोग गर्ने विषयमा साझेदारीको सम्झौता गर्नुपूर्व स्थानीय विकास मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(९) मनसाय पत्र वा प्रस्ताव आव्हान गर्दा प्रस्तावित परियोजनाको आवश्यक व्यहोरा खुलेको विवरण (कागजात) सम्बद्ध पक्षलाई स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम ५९(२) ले तोके बमोजिमको रकम लिई उपलब्ध गराउनु पर्नेछ ।

## १५. साझेदारीको सम्झौता-पत्र

साझेदारीको सम्झौता-पत्रमा सामान्यतः देहायका बुँदाहरू उल्लेख हुनु पर्नेछः-

(क) प्रदान गरिने सेवाको प्रकार, मात्रा, स्तर, पटक, गुणस्तर, प्रदान गर्ने तरिका आदि,

(ख) साझेदारीमा हुनसक्ने जोखिमहरूप्रति कुन पक्ष कति जिम्मेवार हुने भन्ने विषयहरू,

(ग) साझेदारीमा प्रयोग हुने तथा भइरहेका सम्पत्ति तथा साधनहरूको विवरण, नयाँ थप हुने वा गरिएका सम्पत्ति तथा साधनहरूको स्वामित्व र भोगाधिकार तथा तिनको परिवर्तनको अवस्था, परिस्थिति, समय तथा त्यस्ता सम्पत्ति तथा साधनहरू एवम करारीय हक अधिकारको हस्तान्तरणसम्बन्धी व्यवस्था,

(घ) प्रयोग हुने सम्पत्ति वा साधनको मर्मत सँभारको जिम्मेवारी लिने पक्ष तथा त्यसको हदसम्बन्धी व्यवस्था,

(ङ) साझेदारहरूले गर्नु पर्ने लगानीको मात्रा, लगानी गर्ने पक्षहरू र त्यस्को जिम्मेवारी सम्बन्धी व्यवस्था,

(च) स्थानीय निकायले निजी क्षेत्रको साझेदारलाई सेवा उपलब्ध गराएबापत प्रदान गर्ने सेवा शुल्क वा निजी क्षेत्रको साझेदारले सोझै उपभोक्ताबाट सेवा शुल्क उठाउन पाउने व्यवस्था मध्ये कुनै एक वा उपर्युक्त दुवै प्रकारका प्रक्रियाको संयुक्त स्वरुपबाट भुक्तानी गर्ने व्यवस्था भए सो सम्बन्धी व्यवस्था,

(छ) साझेदारीको माध्यमबाट प्रदान गरिएका सेवा तथा सुविधाहरूबापत उपभोक्ताको हितलाई समेत ध्यानमा राखी महसुल वा शुल्क दर निर्धारण गर्ने पक्ष, त्यसको मापदण्ड र पक्रिया आदिसम्बन्धी व्यवस्था,

(ज) कार्य सम्पादनको अनुगमन गर्ने निकाय वा पक्ष, मापदण्ड, प्रक्रिया, कारवाही र क्षतिपूर्तिआदि सम्बन्धी व्यवस्था,

(झ) सम्झौताको अवधि, नवीकरण, संशोधन, परिमार्जन तथा कार्यान्वयनसम्वन्धी अन्य आवश्यक व्यवस्थाहरू,

(ञ) सम्झौता कार्यान्वयनका लागि आवश्यक पारस्परिक सहयोग, सुविधा र सहायता तथा वहन गर्नुपर्ने दायित्वसम्बन्धी व्यवस्था,

(ट) कार्यान्वयन सम्वन्धमा आईपर्ने विवाद समाधानसम्वन्धी व्यवस्थाहरू,

(ठ) सम्झौता समाप्तिको अवस्थामा अपनाउनुपर्ने सम्पत्ति, साधन, स्रोत, हक अधिकार र दायित्वआदिको हस्तान्तरणसम्बन्धी व्यवस्था र कार्यविधी,

(ड) समझदारीबाट प्राप्त भएको मुनाफा बाँडफाँड तथा जोखिम वहनको तरिका,

(ढ) साझेदारीको लागि आवश्यक अन्य शर्त तथा विषयहरू,

(ण) परियोजनाको अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र आवधिक समीक्षासम्बन्धी व्यवस्था र

(त) स्थानीय आवश्यकताअनुसारको अन्य करार गर्नुपर्ने विषय भए सो विषय ।

परिच्छेद – सात

# परियोजनाको अनुगमन, प्रतिवेदन, समीक्षा र नियमन

## १६. परियोजनाको अनुगमन

(१) साझेदारी परियोजनाको सुपरिवेक्षण तथा अनुगमन स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १३९ बमोजिम गठन हुने समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले तयार पारेको प्रतिवेदन सार्वजनिक-निजी साझेदारी समितिमा राखी छलफल गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको छलफलबाट प्राप्त सुझावहरूलाई स्थानीय निकायले ग्रहण गर्नु पर्नेछ ।

## १७. परियोजनाको प्रतिवेदन

(१) निजी साझेदारले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र वार्षिक प्रगति प्रतिवेदन तयार गरी स्थानीय निकायलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा निम्न बुँदाहरू समावेश भएको हुनु पर्नेछ :-

- (क) सम्झौता बमोजिमको वार्षिक लक्ष्य र प्रगति,
- (ख) परियोजना कार्यान्वयनमा आइपरेका समस्या, तिनको कारण र प्रभावहरू,
- (ग) समस्या समाधानका लागि भएका र गर्नुपर्ने प्रयासहरू,
- (घ) कार्यान्वयनको क्रममा हासिल भएका राम्रा तथा नराम्रा अनुभवहरू,
- (ङ) आगामी वर्षको लक्ष्य,
- (च) समायोजन गर्नुपर्ने कुराहरू र
- (छ) आवश्यक देखिएका अन्य कुराहरू ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनको ढाँचा सम्झौतामा उल्लेख भएको भए सोही बमोजिम र नभएको भए आवश्यक्ताअनुसारको हुनेछ ।

(४) वार्षिक प्रतिवेदन बाहेक अन्य प्रतिवेदनहरूको समय र ढाँचा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) साझेदारबाट प्राप्त वार्षिक एवं अन्य प्रतिवेदनहरू स्थानीय निकायले सार्वजनिक-निजी साझेदारी समितिमा राखी छलफल गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम भएको छलफललाई आधार मानी स्थानीय निकायले आवश्यक निर्णय लिनु पर्नेछ ।

### १८. परियोजनाको समीक्षा

(१) एक आर्थिक वर्षमा कम्तीमा दुई पटक साझेदारी परियोजनाको समीक्षा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समीक्षा सार्वजनिक-निजी साझेदारी समितिले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम हुने समीक्षाबाट साझेदारी परियोजनाका विभिन्न पक्षहरूमा सुधार गर्नु पर्ने देखिएमा सम्झौतामा भएका व्यवस्था बमोजिम त्यस्ता सुधारहरू गर्नु पर्नेछ ।

### १९. परियोजनाको नियमन

साझेदारी परियोजनाको नियमन प्रचलित कानून र सम्झौता बमोजिम स्थानीय निकायले गर्नु पर्नेछ ।

परिच्छेद – आठ

## विवाद समाधान र परियोजनाको मूल्याङ्कन तथा समायोजन

### २०. विवाद समाधानसम्बन्धी व्यवस्था

(१) साझेदारी परियोजनाको कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा उक्त विवादबाट असर पर्ने पक्षले करारको अर्को पक्षलाई करारको समयावधिभित्रै लिखित रुपमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा विवाद बारे पूर्ण जानकारी तथा समाधानका विकल्पहरूसमेत उल्लेख हुनु पर्नेछ । तर विवाद समाधान गर्न त्यसरी उल्लेख गरिएको विकल्पहरूमा सिमित रहन करारका पक्षहरू बाध्य हुनेछैन ।

(३) उपदफा (१) बमोजिमको सूचना पाएको ७ दिनभित्र अर्को पक्षले त्यस्तो विवादको समाधानको लागि पहल गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको पहल नभएमा वा उक्त पहल भएको १५ दिन भित्र आपसी समझदारीबाट विवादको समाधान हुन नसकेमा सो म्याद समाप्त

भएको ७ दिनभित्र करारका कुनै पक्षले सार्वजनिक-निजी साझेदारी समितिमा जानकारी गराई उक्त समितिको पहलमा विवाद समाधानको लागि पहल गर्न सक्नेछ ।

(५) समितिले विवाद समाधान गर्न आफै वा सोका लागि एक स्वतन्त्र व्यक्तिको अध्यक्षतामा विवाद गर्ने पक्षहरूको एक/एक जना प्रतिनिधि रहेको उपसमिति गठन गरी त्यसको कार्य क्षेत्र तोक्न सक्नेछ ।

(६) सार्वजनिक-निजी साझेदारी समितिलाई जानकारी प्राप्त भएको ३० दिनभित्र पनि त्यस्तो विवाद समाधान हुन नसकेमा वा समितिको पहलमा चित्त नबुझ्ने पक्षले त्यसरी समय समाप्त भएको वा समितिले सिफारिस गरेको मितिलाई विवाद भएको मिति कायम गरी तत्काल प्रचलित मध्यस्थता ऐन, २०५५ बमोजिम विवादको समाधान गराउन मर्का पर्ने पक्षले पहल गर्न सक्नेछ ।

(७) विवाद खडा भएको वा मध्यस्थताको कारवाही शुरु भएको कारणबाट मात्र करारका कुनै पक्षले करार बमोजिम आफूले पालन गर्नुपर्ने करारीय कर्तव्य वा वहन गर्नु पर्ने दायित्व पालन वा वहन गर्न इन्कार गर्न सक्ने छैन ।

(८) विवाद समाधानको लागि उपदफा (१) देखि (६) सम्म गरिने प्रयासको समयावधि बढीमा ६० दिनसम्म हुनेछ ।

## २१. परियोजनाको मूल्याङ्कन र समायोजन

(१) परियोजनाको वार्षिक प्रगति प्रतिवेदन प्राप्त भएपछि र परियोजना सम्पन्न भै त्यसको प्रतिवेदन प्राप्त भएपछि सार्वजनिक-निजी साझेदारी समितिको सहयोगमा स्थानीय निकायले सम्बन्धित परियोजनाको मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने मूल्याङ्कन स्थानीय निकायले स्वतन्त्र निकायमार्फत समेत गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिने मुल्याङ्कन र दफा १७ (६) बमोजिमको निर्णय तथा आवश्यक देखिए दफा १८ बमोजिमको समीक्षाबाट प्राप्त निश्कर्ष तथा सुझाव बमोजिम साझेदारीको सम्झौता-पत्रमा आवश्यक समायोज गर्न सक्नेछ ।

**परिच्छेद – नौ**

# फरफारक

## २२. परियोजनाको फरफारक

(१) साझेदारी परियोजनाको फरफारकको लागि साझेदारले परियोजना सम्झौता बमोजिम सम्पन्न भएको १ महिनाभित्र स्थानीय निकायलाई लिखित जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फरफारकको लागि साझेदारले निम्न व्यहोरा खुलाई अन्तिम प्रतिवेदन स्थानीय निकायलाई बुझाउनु पर्नेछः-

(क) सम्झौता बमोजिमको लक्ष्य र प्रगति,

(ख) परियोजना कार्यान्वयनमा आइपरेका समस्या, तिनको कारण र प्रभावहरू,

(ग) समस्या समाधानका लागि भएका प्रयास र तिनको प्रभाव,

(घ) कार्यान्वयनको क्रममा हासिल भएका राम्रा तथा नराम्रा अनुभवहरू,

(ङ) भविष्यमा समान प्रकृतिको साझेदारी परियोजना सञ्चालन गर्न स्थानीय निकायले ध्यान दिनु पर्ने कुराहरू र

(छ) आवश्यक देखिएका अन्य कुराहरू ।

**अनुसूची १**

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)
.................. (स्थानीय निकायको नाम)

मितिः-............................

विषयः-साझेदारीको लागि सार्वजनिक आव्हान

.............(स्थानीय निकायको नाम) ले ......................(परियोजनाको नाम) सार्वजनिक-निजी साझेदारीअन्तर्गत ........................ (साझेदारीको स्वरुप) मार्फत ...................... .................... (के गर्ने हो सो उल्लेख गर्ने ) गराउने निर्णय गरेको हुनाले सो कार्य................ (स्थानीय निकायको नाम) सँग साझेदारीको भावनाअनुरुप गर्न इच्छुक निम्न योग्यता पुगेको ............ (फर्म, कम्पनी, व्यक्ति, सामुदायिक संस्था, गैरसरकारी संस्था आदि के हो सो उल्लेख गर्ने) हरूका लागि यो ....(कतिदिने हो सो उल्लेख गर्ने) सार्वजनिक सूचना ..... (प्रथम, दोश्रो के हो सो उल्लेख गर्ने) पटक प्रकाशित गरिएको छ। इच्छुक ............(फर्म, कम्पनी, व्यक्ति, सामुदायिक संस्था, गैरसरकारी संस्था आदि के हो सो उल्लेख गर्ने) हरूलाई मनसाय पत्र पेश गर्न हार्दिक अनुरोध गरिन्छ। इच्छुक ............(फर्म, कम्पनी, व्यक्ति, सामुदायिक संस्था, गैरसरकारी संस्था आदि के हो सो उल्लेख गर्ने) हरूलाई कार्यालय समयभित्र आई परियोजनाको विवरण (कागजात) खरीद गर्नु हुन समेत हार्दिक अनुरोध गरिन्छ। यससम्बन्धी थप जानकारी आवश्यक भए कार्यालयमा वा फोन ........ मा सम्पर्क राख्न सकिनेछ।

परियोजनाको संक्षिप्त विवरणः-

साझेदारको न्यूनतम योग्यताः-

परियोजनाको विवरण (कागजात) बापत लाग्ने दस्तुरः-

प्रस्ताव पेश गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः-

प्रस्ताव खोलिने मिति, समय र स्थानः-

प्रस्ताव छनौटका आधारहरूः-

प्रस्ताव उपर निर्णय गरिने मितिः-

................................................
(अधिकारप्राप्त अधिकारीको दस्तखत)